कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
...
३ नं प्रदेश, नेपाल
२०७३

# कागेश्वरी मनोहरा नगरपालिकामा कार्यक्षेत्र भै नगरपालिकामा सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरुलाई कागेश्वरी मनोहरा नगरपालिका, सहकारी शाखाको अत्यन्त जरुरी सूचना

संघीय सहकारी ऐन, २०७४ मिति २०७४।०७।०१ मा राजपत्रमा प्रकाशन भै सबै सहकारी संघ संस्थाका हकमा लागू भैरहेको व्यहोरा समस्त सहकारी संघ संस्थाहरुलाई अवगत छदैंछ । सो ऐनको **परिच्छेद -७**,दफा ५० मा **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार** सम्बन्धी व्यवस्था गरेको छ । सो कानूनी व्यवस्थाको दफा उतार देहाय बमोजिम रहेको छ ।

---

**" ५० सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्नेः**

(१) सहकारी संस्थाले आफ्ना सदस्यहरुको मात्र बचत स्वीकार गर्ने, सो को परिचालन गर्ने र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोबारको रुपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए ती संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्थाहरुले मुख्य कारोबार गर्न सक्नेछन् ।

(३) सहकारी संस्थाले सदस्यहरुलाई प्रदान गर्ने ऋणमा रजिष्ट्रारले अन्यथा तोकेकोमा बाहेक सेवा शुल्क र नवीकरण शुल्क सम्बन्धित संस्थाको कार्य समितिले तोके बमोजिम हुनेछ ।

(४) बचत र ऋणको व्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन ।

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकृत गरी सो को आधारमा व्याज लगाउन पाउने छैन ।

(६) सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरीद गर्न बाहेक अचल सम्पत्ति खरीद पूर्वाधार निर्माण, कारोबार लगानी, फर्म वा कम्पनी वा कुनै बैकको (सहकारी बैंक बाहेक) शेयर खरीद वा अन्य प्रयोजनमा प्रयोग गर्नु हुदैन ।

(७) सहकारी संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म बचत संकलन गर्न सक्नेछ ।

२०७६।०२।२५
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(८) संस्था वा संघले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।"

सहकारी ऐन, २०७४ सबै सहकारी संस्थाहरूका लागि बाध्यकारी रहेको छ । तसर्थ सहकारी ऐन, २०७४ प्रारम्भ हुनु अघि बहुउद्‌देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोबारको रुपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए ती संस्थाले यो ऐन लागू भएको मितिले तीन वर्षभित्र अथवा मिति २०७७।०७।०१ भित्र बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी आबश्यक व्यवस्था मिलाउनुहुन, बचत र ऋणको व्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी हुने गरी व्याज दर नतोक्नुहुन, सहकारी विभागको सन्दर्भ व्याजदरको पूर्णरुपेण पालना गर्नुहुन, प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकृत गरी सो को आधारमा व्याज नलगाउनुहुन, बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरीद गर्न बाहेक अचल सम्पत्ति खरीद, पूर्वाधार निर्माण, कारोबार लगानी, फर्म वा कम्पनी वा कुनै बैकको (सहकारी बैंक बाहेक) शेयर खरीद वा अन्य प्रयोजनमा प्रयोग नगर्नुहुन, प्राथमिक पूँजी कोषको पन्ध्र गुणाभन्दा बढी बचत संकलन नगर्नुहुन, दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी नगर्नुहुन, सदस्यहरुलाई प्रदान गर्ने ऋणमा रजिष्ट्रारले अन्यथा तोकेकोमा बाहेक सेवा शुल्क र नवीकरण शुल्क सम्बन्धित संस्थाको कार्य समितिले तोके बमोजिम मात्र गर्नुहुन, आफ्ना सदस्यहरुको मात्र बचत स्वीकार गर्न, सो को परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्नुहुन जानकारी गराइएको छ । पछि अनुगमन तथा अनुसन्धानका क्रममा त्यस्तो पाइएमा प्रचलित सहकारी ऐन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराउँदै नगरवासी दाजुभाइ दिदीबहिनी सबैले यसै सूचनालाई आधार मानी आफू सदस्य रहेको सहकारी संस्थामा यी प्रावधान पालना गर्न लगाई संस्थाको दिगोपनाका लागि कानूनको पालनामा सहयोग गरिदिनुहुन समेत कार्यालय हार्दिक अनुरोध गर्दछ ।

२०७८।२।२५

**कागेश्वरी मनोहरा नगरपालिका**

Scanned with CamScanner